"कृषि, व्यापार र पर्यटन : हाम्रो सशक्त अभियान"

# नमोबुद्ध नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

भकुण्डेबेशी, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

☎ ०११-४०४०३१
०११-४०४०६८

पत्र संख्या : २०७६/०७७

चलानी नं. : ७५८६

मिति : २०७६/१२/०७

नमोबुद्ध नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भकुण्डेबेशी, काभ्रेपलाञ्चोक
प्रदेश नं. ३, नेपाल

## आदरणीय नगरवासीहरुमा नोवेल कोरोना भाईरस (कोभिड-१९) बारे हार्दिक अपिल

छिमेकी राष्ट्र चीनबाट सुरु भएको कोरोना भाईरस (कोभिड-१९) सक्रमणले हाल विश्वनै त्रस्त रहेको तत्थ विदितै छ। नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय तथा काभ्रेपलाञ्चोक जिल्ला विपद् व्यवस्थापन समितिको बैठकको निर्णय अनुसार देशभर सभा, सम्मेलन, भेला, मेला महोत्सव, महायज्ञ, भोज, भतेर, खेलकुद, मनोरञ्जन स्थल, खेल स्थल, भिडभाडहुने विविध धार्मिक कार्यक्रमहरु, सवारीसाधनहरुमा सिट क्षमता भन्दा बढी यात्रु ओसारपसार लगायतका धेरै भीडभाड जमघट हुने कार्यक्रम तथा कृयापकलापहरु नगर्न नमोबुद्ध नगरपालिकामा सम्पुर्णमा हार्दिक सार्वजनिक अपिल गर्दछ। यस विषम परिस्थितिलाई ध्यानमा राखी कोरोना भाईरस (कोभिड-१९) संक्रमणबाट बच्न र बचाउँन यस नगर क्षेत्रका वडा कार्यालय, स्वास्थ्य संस्था, सुरक्षा निकाय, स्थानीय राजनीतिक दल, वडा स्तरीय विपद समिति, उद्योग वाणीज्य संघ, नेपाल चाम्बर अफ कमर्श, उद्योग व्यवसायीहरु, जे.सी.स, सरकारी संघ संस्थाहरु, निजि तथा गैह सरकारी संघसंस्थाहरु, गैरसरकारी निकाय लगायतका अन्य संघसंस्था, शैक्षिक सँस्था, नगरबसी लगायत सबै सरोकारवालाहरुमा नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको मिति २०७६/१२/०५ गतेको निर्णय तथा नमोबुद्ध नगरपालिका नगर स्तरीय विपद् व्यवस्थापन समितिको मिति २०७६/१२/०७ को निर्णय (यसै सुचना साथ संलग्न) लाई कार्यान्वयन गर्नका लागि नमोबुद्ध नगरपालिका हार्दिक अनुरोध गर्दछ । साथै कोरोना भाईरस (कोभिड-१९) संक्रमणबाट सचेत भई आफ्नो स्वास्थ्य स्थिति बारे चनाखो रहन, नियमित सरसफाईमा ध्यान दिन, धेरै भीडभाड जमघट हुने विविध कार्यक्रममा सहभागी नहुन र रुघाखोकी ज्वरोको सक्रमण देखिएमा तुरुन्त नजिकको स्वास्थ्य सँस्थामा परिक्षण गराउनु हुँन समेत सम्पूर्ण नगरवासी, सरोकारवाला निकाय एवं आम नागरिकहरुमा हार्दिक अपिल गर्दछौ । धन्यवाद ।

***"कोरोना भाईरस (कोभिड-१९) सक्रमणबाट आफु पनि बचौ अरुलाई पनि बचाऔं"***

.........................
(टंक प्रसाद शर्मा)
नगर प्रमुख
एवं
संयोजक- नमोबुद्ध नगरपालिका नगर स्तरीय विपद् व्यवस्थापन समिति

प्रस्तावहरु

१. विभिन्न निकायबाट प्राप्त पत्र तथा परिपत्र सम्बन्धमा ।

२. नोवेल कोरोना भाईरस (कोभिड-१९) ।

३. वडा नम्बर ०५ को गिनेरी सिचाई संचालन गर्ने राहत उपलब्ध गराउने सम्बन्धमा ।

४. विपदबाट मृतक वडा नम्बर ०१ निवासी खुक बहादुर भण्डारीको परिवारलाई राहत उपलब्ध गराउने सम्बन्धमा ।

५. विपदबाट वडा नम्बर ०५ को वडा कार्यालयमा भएको क्षतिको मर्मत सम्भार खर्च सम्बन्धमा ।

६. विपद (आगलागी)बाट वडा नम्बर ०४ को ठुलो बाबु तामाङलाई राहत उपलब्ध गराउने सम्बन्धमा ।

७. राहत वितरण कार्यविधि तयार गर्ने सम्बन्धमा ।

निर्णयहरु:

निर्णय नं. ०१:

नमोबुद्ध नगरपालिकालाई विभिन्न मन्त्रालय, निकाय तथा सरोकारवालाबाट प्राप्त परिपत्र तथा पत्रहरु यस बैठकमा जानकारी गराउंदै सो बमोजिमको कार्य गर्ने ।

निर्णय नं. ०२:

छिमेकी राष्ट्र चीनबाट सुरु भएको कोरोना भाईरस (कोभिड-१९) सक्रमणले हाल विश्वनै त्रस्त रहेको तत्थ विदितै छ। नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय तथा काभ्रेपलाञ्चोक जिल्ला विपद् व्यवस्थापन समितिको बैठकमा भएको सम्पूर्ण निर्णयहरुलाई कार्यान्वयन गर्नको नगरबासीहरुमा हार्दिक अनुरोध गर्ने।

यस कोरोना भाईरस (कोभिड-१९)को उच्च जोखिमलाई मध्यनजर गर्दै नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले मिति २०७६/१२/०५ गते गरेको निर्णयलाई कार्यान्वयन गर्न नगरपालिका, वडा कार्यालय, स्वास्थ्य संस्था, सुरक्षा निकाय, स्थानीय राजनीतिक दल, वडा स्तरीय विपद समिति, उद्योग वाणीज्य संघ, नेपाल चाम्बर अफ कमर्श, जे.सी.स., उद्योग व्यवसायीहरु,

सरकारी संघ संस्थाहरु, निजि तथा गैह सरकारी संघसंस्थाहरु, नगर बसी लगायत सबै सरोकारवाला निकायहरु सबै एक जुट भई परिचालित हुने।

यस विषम परिस्थितिलाई ध्यानमा राखी कोरोना भाईरस (कोभिड-१९) संक्रमणबाट बच्न र बचाउँन यस नगर क्षेत्रको मेथिनकोट अस्पताल लगायतको सम्पूर्ण स्वास्थ्य संस्थाहरुलाई तयारी अवस्थामा राख्ने।

नगरपालिकाको सिमनामा सवारीसाधनमा सवार गर्नुहुने यात्रु लगायत अन्य सर्वसाधारणहरुको स्वास्थ्य जोखिमलाई मध्यनजर गर्दै नगरपालिकाको स्वास्थ्य शाखाको समन्वयमा सुरक्षा निकाय, स्वास्थ्य संस्थाहरु, सरकारी, निजि तथा गैह सरकारी संघसंस्थाहरुको सहकार्यमा नमोबुद्धको नाका/सिमाना, नमोबुद्ध परिसारमा नियमित Health Desk राख्ने।

यस नगरपालिकाको वडा नम्बर ०४ क वडा अध्यक्ष तथा स्वास्थ्य, खानेपानी तथा सरसफाई समितिका संयोजक श्री उद्धव प्रसाद काफ्लेको संयोजकत्वमा बसेको समितिको निर्णय अनुसार यस नगर भित्रका सम्पूर्ण स्वास्थ्य संस्थाहरु कोरोना भाईरस (कोभिड-१९) संक्रमणबाट नागरिकहरु बच्न र बचाउँनको लागि आवश्यक पर्ने सम्पूर्ण तयारी तथा श्रोत साधन व्यवस्थापनको लागि तत्काल पाँचौ नगर सभाबाट स्वीकृत नीति, कार्यक्रम तथा बजेट (वार्षिक नगर विकास योजना) मा उल्लेख स्वास्थ्य शाखासँग सम्बन्धित कार्यक्रममा विनियोजन भएको रकमबाट रु. ५०००० निकासा गर्ने सोको समन्वय सम्बन्धित वडा कार्यालयहरुसँग गर्ने र नगरपालिकाको स्वास्थ्य शाखाले तत्काल कोरोना भाईरस (कोभिड-१९) संक्रमणबाट नागरिकहरु बच्न र बचाउँनको लागि आवश्यक पर्ने सम्पूर्ण विविध सामग्री खरिद लगायत कोरोना भाईरस (कोभिड-१९) सम्बन्धी जनचेतना मुलक कार्यक्रमहरु संचालन गर्न पाँचौ नगर सभाबाट स्वीकृत नीति, कार्यक्रम तथा बजेट (वार्षिक नगर विकास योजना) मा उल्लेख स्वास्थ्य शाखासँग सम्बन्धित कार्यक्रममा विनियोजन भएको रकमबाट रु. ३,३२,००० खर्च गर्दै कार्यक्रम गर्ने ।

यस नगरपालिका हुदै संचालन हुने यात्रुवाहक सार्वजनिक यातयातका सवारीसाधनहरुमा सिट क्षमता भन्दा बढी यात्रु ओसारपसार नगर्ने, नगराउने साथै सर्वसाधारण नागरिकहरुले भीडभाड गरी यात्रा नगर्ने, सार्वजनिक यातयातका सवारी धनिले सवारी साधन चलाउनु अघि सवारी साधनलाई Disinfection गर्ने र सोको अनुगमन नेपाल प्रहरी तथा सम्बन्धित सुरक्षा निकायले गर्ने ।

बजारमा उपभोग्य सामग्रीको कृत्रिम अभाव सिर्जना गर्ने, जम्माखोरी, कालो बजारी तथा मिसावट गर्ने, गराउनेलाई प्रचलित कानुन बमोजिम कडा कारवाही गर्ने र सोको अनुगमन नगरपालिका, उद्योग वाणीज्य संघ, नेपाल चाम्बर अफ कमर्श, नेपाल प्रहरी सुरक्षा निकाय लगायतले गर्ने ।

नगरपालिका, वडा कार्यालय, सुरक्षा निकाय, सरकारी, निजि तथा गैह सरकारी संघसंस्थाहरु लगायतका सरोकारवाला निकायको समन्वय तथा सहकार्यमा नगरपालिका सम्पूर्ण क्षेत्र भित्र नियमित सरसफाई गर्ने र फोहोरलाई कम गर्न सम्पूर्ण सरोकारवाला निकायले जिम्मेवारी लिने, सेवा लिने सेवाग्राहीहरुलाई सुरक्षित गर्ने सम्पूर्ण सामग्रीहरु प्रयोग गर्ने ।

विभिन्न कार्यालयमा संचालनमा रहेको विधुतीय हाजिरीलाई हालको लागि प्रयोग नगर्ने ।

यस नगरपालिकाका सम्पूर्ण स्वास्थ्य सँस्थामा कामकाज गर्ने स्वास्थ्यकर्मीहरुलाई तालिम उपलब्ध गराउन नेपाल सरकार लगायतका निकायलाई अनुरोध गर्ने, अतिआवश्यक काम बाहेक नगरपालिका भित्र आफु कार्यरत सँस्थामा रही रहने र अतिआवश्यक काममा विदा बस्नु परेमा अन्य विकल्पको व्यवस्था गरी नगरपालिकालाई जानकारी गराउने र सोको अनुगमन स्वास्थ्य, खानेपानी तथा सरसफाई समिति र नगर स्वास्थ्य शाखाले नियमित गर्ने।

मेथिनकोट अस्पतालले आवश्यक ठानी कोरोना भाईरस (कोभिड-१९) को शंखा लागे बिरामीलाई नेपाल सरकारले तोकेको स्थान सम्म लाने व्यवस्थाको लागि अस्पताल र सम्बन्धित वडाको सिफारिसका आधारमा नगरपालिकामा संचालन रहेको एम्बुलेन्समा मापदण्ड पुरा गरी निशुल्क सेवा दिने।

नगरपालिका भित्र संचालनमा रहेको रेडियो रोशीलाई कोरोना भाईरस (कोभिड-१९) सम्बन्धी जनचेतना मुलक सन्देशहरु प्रशारण गर्नको लागि अनुरोध गर्ने।

नगरपालिका भित्र संचालनमा रहेको उद्योगहरुले हाल प्रदुषण कम गर्ने, धुलो, धुवालाई कम गर्ने र नेपाल सरकारले तोकेको अवधि सम्मकोलाई सो उद्योगहरु बन्द गर्न अनुरोध गर्ने।

विभिन्न निकायबाट गरिने कोरोना भाईरस (कोभिड-१९) सम्बन्धी जनचेतना मुलक कार्यक्रम नगरपालिका, वडा कार्यालय, सुरक्षा निकायसँग समन्वय गरी मात्र कार्यक्रम गर्ने।

विभिन्न निकायहरुलाई कोरोना भाईरस (कोभिड-१९)को रोकथाम तथा नियन्त्रणको लागि सहयोग गर्न अनुरोध गर्ने।